# 'हारजित'  कथामा सांस्कृतिक प्रभुत्व

**राजु भुसाल, उपप्राध्यापक नेपाली विभाग, बुटबल बहुमुखी क्याम्पस**
Email : rajubhusal370@gmail.com

**सार**

प्रस्तुत लेखमा भवानी भिक्षुद्वारा लिखित 'हारजित'  कथालाई प्रभुत्व (हेजेमोनी) सम्बन्धी सिद्धान्तका दृष्टिले विश्लेषण गरिएको छ । सदियौंदेखि इतिहासमा समावेश भएका वा बनाइएका समाजका वा राज्यका नेतृत्वदायीतहमा रहेर आफ्नो आवाजलाई प्रभुत्वशाली बनाएका व्यक्ति वा समूदाय नै प्रभुत्वशाली हुन् । हेजेमोनी एउटा बृहत् सिद्धान्त हो । विचार धारात्मकरूपले हेर्दा यसमा एकभन्दा बढी विचारको बहुलता देखिन्छ । यसभित्र प्रभुत्वशाली वर्गको प्रभुत्वको अवस्था, प्रभुत्व हासिल गर्ने शैली र प्रतिप्रभुत्वको अवस्था पहिचान गरी समाजमा उनीहरूको स्थान, प्रभुत्व र प्रतिरोधको अवस्थाको विश्लेषण गरिएको छ । यस कथाको समाजमा वर्गीय दृष्टिले उच्च वर्गको, जातीय दृष्टिले उच्च जातिको वा उच्च संस्कृतिको समुदायका जातिको र लैङ्गिक दृष्टिले पुरूषको प्रभुत्व रहेको देखिन्छ भने प्रतिरोधको भावना सशक्त देखिँदैन । प्रस्तुत लेखमा प्रभुत्वशाली वर्गहरूमा हामीले जतिसुकै शोषण गरेपनि उनीहरू हाम्रा विरुद्ध बोल्न सक्दैनन् र बोलीहाले भनेपनि उनीहरूको केही सीप लाग्दैन भन्ने हैकमवादी प्रभुत्व र गरिबवर्गहरूमा कतिपय नमिल्दा कुराहरूमा आवाज उठाउन पछि पर्नुहुन्न भन्ने जागरुक दृष्टिकोण रहेको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* : प्रतिप्रभुत्व, द्वन्द्वात्मक अवस्था, अधीनस्थ वर्ग, प्रभुत्वशाली

Articles information : Manuscript Receive : 27/01/2022, Review Date :  29/07/2022, Date of Acceptance : 10/12/2022, Publisher : Mahendra Morang Adarsh Multiple Campus, TUTA Unit, Biratnagar.
DOI : https://doi.org/ 10.3126/tutaj.v10i1.74318
Journal Homepage :  https://nepjol.info/index.php/tutaj/index Copy right (c) 2024 TUTA Journal This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

भवानी भिक्षु (जीवनकाल, १९६६–२०३८) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले नेपाली साहित्यका कथा, उपन्यास, कविताजस्ता विधामा सशक्त रूपमा कलम चलाएर आप्mनो बहुमुखी प्रतिभाको परिचय दिएका छन् । उनी १९९५ सालको शारदा पत्रिकामा 'मानव' कथा प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेका हुन् । कथाकारका रूपमा उनलाई चिनाउने कृतिका रूपमा *मैयाँसाहेब* (२०१७), *गुनकेसरी* (२०१७), *आवर्त* (२०२३) र *अवान्तर* (२०३४) पर्दछन् । यौनमनोविज्ञानलाई आत्मसात गर्दै कथा लेख्ने कथाकार भिक्षुका कथामा स्वच्छन्दतावादी रहस्य र भावुकता, सामाजिक यथार्थता अनि मानवमनोविज्ञानको सङ्गम पाइन्छ । उनले आफ्ना केही कथामा नेपालका तराई र काठमाडौं सहरका आफ्नो युगका यथार्थ चित्राङ्कन गरेका छन् भने उनका धेरैजसो कथाहरूमा चाहिँ मानवजीवनको रहस्यमय, भावुक र बौद्धिक चित्रण पाइनाका साथै प्रायः नरनारीका अवचेतन मनका कामवासनामूलक आकर्षण, प्रेम, ईर्ष्या, अहङ्कार, कुण्ठा, क्षुद्रता, घृणा, शत्रुता, निराशा, पीर आदि अनेक थरी सशक्त अभिव्यञ्जना भएको भेटिन्छ ( अवस्थी, २०६५, पृ. ४९) । उनका कतिपय कथाहरूमा उच्च वर्गको गिर्दो आर्थिक स्थितिको चित्रण पनि पाइन्छ । यस दृष्टिले उनका 'माधुरी नानी', 'रानी साहेब', 'बाबुसाहेबचा' आदि महत्वपूर्ण छन् । भिक्षुको ''हारजित' ' कथामा मूलतः तराईको सामाजिक जनजीवनको जीवन्त चित्रण पाइन्छ । तत्कालीन समयमा गाउँका प्रभुत्वशालीवर्गले गरिब तथा सीमान्तकृत वर्गलाई कस्तो व्यवहार गर्थे भन्ने कुरा प्रस्तुत कथामा एकातिर देखाइएको छ

भने अर्कोतिर फरकफरक क्षेत्रमा आफ्नो प्रभुत्व कायम गरेका दुई ठूला वर्गबीचको द्वन्द्वलाई पनि प्रस्तुत कथाले देखाएको छ। यसरी 'हारजित' कथामा प्रभुत्वशाली वर्गको हैकमवादी प्रवृत्तिको अभिव्यक्ति भएकाले प्रभुत्वका दृष्टिले प्रस्तुत कथाको अध्ययन गर्नु यस लेखको मुख्य उद्देश्य हो।

**अध्ययनविधि**

प्रस्तुत 'हारजित' कथामा प्रभुत्वशालीवर्गको अध्ययन गर्नका लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। आवश्यक सामग्री सङ्कलन मुख्यतः प्राथमिक र द्वितीयक स्रोतबाट नै गरिएको छ। प्राथमिक स्रोतअन्तर्गत मुख्यतः भवानी भिक्षुद्वारा लिखित 'हारजित' कथा रहेको छ भने द्वितीयक स्रोतअन्तर्गत यस कथाका बारेमा लेखिएका विभिन्न लेख, समालोचना ग्रन्थ, शोधप्रबन्ध तथा पुस्तक आदि रहेका छन्। प्रस्तुत कथामा प्रभुत्व अध्ययन गर्नाका लागि ग्राम्चीको हेजेमोनीसम्बन्धी सिद्धान्तले अघि सारेको आधारभूत प्रस्थापनहरूलाई आधार बनाइएको छ। यस सन्दर्भमा यहाँ ग्राम्चीको हेजेमोनीसम्बन्धी मान्यताको मूल मर्मलाई आधार बनाई प्रभुत्व र प्रतिप्रभुत्वको द्वन्द्वात्मक अवस्था, प्रभुत्व हासिल गर्ने शैली र प्रतिप्रभुत्वको अवस्थाजस्ता तीनवटा दृष्टिकोण बनाइएको छ र सोहीअनुरूप विश्लेषण गरिएको छ। साथै प्रस्तुत सिद्धान्त निर्माणका लागि आवश्यक सामग्री पनि द्वितीयक स्रोतबाट नै लिइएको छ। यसक्रममा आवश्यकता अनुसार वर्णनात्मक, व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको पनि प्रयोग गरिएको छ।

**सैद्धान्तिक पर्याधार**

प्रभुत्व सांस्कृतिक अध्ययन गर्ने एउटा महत्वपूर्ण आधार हो। राजनीति र प्रयोगका सन्दर्भमा प्रभुत्व नयाँ शब्द हो। अङ्ग्रेजीको 'हेजेमोनी' शब्दलाई नेपालीमा प्रभुत्व भनिएको हो ( भट्टराई, २०७०, पृ.३४३)। 'हेजेमोनी'को नेपाली अर्थ प्रभुत्व वा आधिपत्य पनि हुन्छ। यसको अर्थ नेतृत्व अथवा शासन हो र यसको सम्बन्ध व्यक्तिसितभन्दा राज्यसित जोडिएको छ। ग्रिक 'हेगेमोन'बाट व्युत्पत्ति यस शब्दको अर्थ 'नेता' 'निर्देशक' वा 'शासक' भन्ने हुन्छ। एउटा वर्गले अर्कोमा प्रभुत्व जमाउनु हेगेमोनी हो, हैकम हो (गौतम, २०७५,पृ.४३)। खासगरेर १९ औँ शताब्दीदेखि यसलाई शक्तिशाली कुनै राज्यले अर्को कुनै राज्यमाथि राजनीतिक हैकम कायम गर्ने सन्दर्भमा गर्न थालियो ( बराल, २०७३, पृ.१००)। क्रमशः यस शब्दलाई बलपूर्वक कुनै वस्तुमाथि आफ्नो प्रभाव कायम गर्ने अर्थमा लिन थालियो। समाजभित्र सत्ता कसरी चल्छ, त्यसको व्याख्या हेजोमोनीमा गरिन्छ। हेजेमोनीलाई सांस्कृतिक प्रभुत्व वा सांस्कृतिक आधिपत्य पनि भनिन्छ। प्रभुत्व कुनै पनि वर्गको राजनैतिक संस्कृति हो जसको उपयोग अर्को वर्गलाई सम्झाएर, बुझाएर उसको सहमति लिनाका लागि गरिन्छ। विचारधारालाई माध्यम बनाएर प्रभुत्व निर्माण गर्ने सन्दर्भमा विद्यालय, विश्वविद्यालय, धर्मसभा, साहित्य, कला, सङ्गीत आदि शक्तिशाली माध्यमका रूपमा प्रयोग हुन्छन्। प्रभुत्वले विचारधारामार्फत् आफूअनुकूल संस्कार र चेतना निर्माणको त्यस्तो अवस्थालाई जनाउँछ जहाँ मानिसमा आलोचनात्मक चेतना समाप्त हुन्छ र उसले आफूमाथिको उत्पीडन र राज्य एवम् शासन प्रणालीको दमनात्मक रूपलाई वैधता प्रदान गर्छ ( गिरी, २०७०, पृ.३०)। ग्राम्चीका दृष्टिमा शासक वर्गले हिंसा वा बलका आधारमा राज्यका सबै पक्ष र खास गरी तल्लो वर्गलाई नियन्त्रण गर्न सक्दैन। ट्रेड युनियनहरूको विकास तथा अन्य दबाबका कारण शासक वर्गले नागरिक अधिकार बढाउँछ, शैक्षिक सुविधाहरू प्रदान गर्न र शासनलाई सहमतिका आधारमा सञ्चालन गर्ने आधार तय गर्छ ( भट्टराई, २०७०, पृ.३४४)। वास्तवमा यो सत्ताधारी वर्गले मजदूर वर्गलाई सहमतिमा लिनाका लागि व्यवहारमा ल्याइने संस्कृति हो। बरु, एउटा यस्तो अवस्थाको निर्माण हुन्छ जतिबेला श्रमिकहरू हामी शोषित भएका, ठगिएका वा लुटिएका छौँ भन्ने थाह पाउँदैनन्। पुँजीपतिले लिएको अतिरिक्त मूल्य पनि उनीहरूको अधिकारै हो भन्ने उनीहरू ठान्छन् (पाण्डेय, २०७०, पृ. १७९)। हेजेमोनीको आधारमा समाजभित्र बाहिरबाट हेर्दा शान्ति देखिन्छ, समाजको मान्छेमा झुठो चेतना भरिन्छ, त्यसका आधारमा शासन गरिन्छ र क्रान्तिको कुनै आवश्यकता छैन भन्ने

मानिन्छ । यसैका आधारमा पुँजीवादी समाजभित्र सत्ताधारी वर्गले मजदुर वर्गप्रति शासन गर्छन् । तर त्यो शासन गुण्डागर्दी, हिंसा, मारकुटाई, पुलिस,लाठी,जेल आदिका आधारमा नभएर सहमतिका आधारमा हुन्छ । कुनै पुँजीपति वर्गले शासन हिंसाका आधारमा नगरेर मान्छेको विचार र दिमाखलाई सम्झाएर सांस्कृतिक रूपमा बदलेर गर्दछ । उसले आफ्नो नैतिकताका आधारमा सम्झाएर गर्दछ या उसको दिमाख परिवर्तन गरेर गर्दछ भन्ने विचार ग्राम्चीको रहेको छ । उसलाई आफ्नो संस्कृतिमा ढालेर या प्रारम्भदेखि अन्तिमसम्म प्रभावमा पारेर पनि नियन्त्रणमा लिन सक्छ । प्रभुत्वमा वार्ता ( निगोसिएसन) र सहमति ( कनसेन्ट) आवश्यक तत्वका रूपमा रहन्छन् ( पाण्डेय, २०७०, पृ. १७९) । यसका लागि उसले नागरिक समाजको प्रयोग गर्छ भन्ने मान्यता ग्राम्चीको रहेको छ । प्रभुत्व दबाब वा सहमति जुनसुकै माध्यमबाट स्थापित भएको भए पनि त्यो अस्थायी नै हुन्छ ( ज्ञवाली, २०७०, पृ.१६०) । शासकको दमनकारी संयन्त्र जतिसुकै शक्तिशाली भए पनि त्यसभित्र विद्रोहको सम्भावना भने रही नै रहन्छ । विद्रोहका विचारधाराका क्षेत्रमा र संस्कृतिका क्षेत्रमा जबसम्म समानान्तर हेजोमोनी तयार हुँदैन तबसम्म समाज परिवर्तन हुन सक्दैन भन्ने विचार ग्राम्चीको रहेको छ ।

विचारधारात्मक हिसावले हेर्दा यसमा एकलभन्दा विचारको बहुलता देखिन्छ । परम्परागत मार्क्सवादबाट प्रभाव ग्रहण गरेर मार्क्सवादी स्पर्श दिने एउटा प्रवृत्ति पनि यसभित्र छ तर सँगसँगै यसलाई मार्क्सवादकै विकल्पका रूपमा प्रस्तुत गर्ने र खासगरी उत्तर आधुनिकतावादी तथा उत्तरसंरचनावादी चिन्तनका आधारमा प्रभुत्व अध्ययन गर्ने प्रवृत्ति ज्यादा बलियो छ । त्यसैगरी उत्तरमार्क्सवादी कोणबाट प्रभुत्व अध्ययन गर्ने प्रवृत्ति पनि छ । यसरी सन् १९५० यता विकसित विभिन्न उत्तरआधुनिक दृष्टिकोणहरूको उपयोग यसमा आवश्यकअनुसार विभिन्न किसिमले गरिएको पाइन्छ । सारमा यो मार्क्सवादी अध्ययनका समानान्तरमा र त्यसका विकल्पका रूपमा मार्क्सवादले महत्व दिएका र अध्ययनको विषय बनाएका शोषक, सामन्त, उत्पीडक, शासकवर्ग र समुदायकै बारेमा अध्ययन गर्ने इतिहासमा तिनको स्थान र मूल्य खोज्ने अभिप्राय बोकेर यो अध्ययन सम्प्रदाय र पद्धति अगाडि बढेको देखिन्छ ।

## 'हारजित' कथाको आख्यान सन्दर्भ

'हारजित' भवानी भिक्षुको दोस्रो कथासङ्ग्रह 'मैयाँसाहेब'(२०१७) मा सङ्कलित सामाजिक कथा हो । कपिलवस्तु जिल्लाको गोटिहवा गाउँलाई केन्द्रविन्दु बनाएर रचना गरिएको प्रस्तुत कथामा गाउँका सम्भ्रान्त वर्गले गरिब वर्गलाई गर्ने हेय व्यवहारलाई प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । 'हारजित' कथाको प्रारम्भ गोटिहवा गाउँको पूर्व–दक्षिण कुनाको ठूलो पोखरीमा अस्ताउन लागेको सूर्यबिम्ब परी पोखरीको पानी रातो भई बेलुकीपख गाई, गोरु, भैंसी बाख्राले पानी खान लागेको मनोरम दृश्यबाट हुन्छ । त्यही बेला गाउँका घुरहु महतो आफ्नो बारीमा लगाएको बाली हेरी घर फर्कन लागेका बेला अलगुवा उनको खुट्टामा छाद हाली रुन थाल्छ । उसले घुरहुलाई आफ्ना सबै कुरा बताएपछि अलगुवाको छोराको पनि कम्ती दोष नभएको कुरा घुरहुले गर्छन् । आफ्नै छोरी मनोहरको घरमा गएको महसुस गरेका घुरहुलाई घरमा धनियाको चट्नी हुँदा पनि खान मन लाग्दैन । अलगुवाकी बुहारी सोनवा मनोहरको घरमा गएको हल्ला गाउँभर चल्छ । उता उतराहे र बदरियाले मनोहरको छोराले सोनवालाई फकाउन थालेको कुरा घुरहुसँग गर्छन् । उक्त घटनाका बारेमा गाउँमा टीकाटिप्पणी हुन्छ । मनोहर गाउँको सबैभन्दा ठूलो रैती भएको हुनाले ऊसँग बोल्ने साहस कोहीसँग पनि हुँदैन । घुरहु महतो, उतराहे र बदरियाले गाउँमा पञ्चायत बसेको बेलामा सोनवाका बारेमा कुरा गर्ने सहमति गर्छन् । कुनैदिन उतराहेको घरमा पञ्चायत बसेको देखिन्छ । त्यही बेला एउटा कुनाबाट रुँदै अलगुवाले मनोहर महतोसँग आफ्नी बुहारी सोनवालाई नपठाए आफ्नो घर बर्बाद हुने कुरा गर्छ । मनोहर महतोले कटनी र रोपाइँको बखत कसैको घरमा रहेको मजदुरलाई नछुटाउने गाउँको चलन रहेको, काम नभएको बेला आफूले बस्न र खान दिएको र अब काम सकिनासाथ पठाइदिने कुरा गर्छ । त्यसपछि घुरहु महतोले एकछिन पञ्चहरूलाई कतै नजान अनुरोध गर्दै आफ्नी भर्खर विवाह भएकी छोरी रतियालाई सभामा लिएर आउँछन् । त्यसपछि घुरहु महतोले रतियालाई मनोहरकहाँ मजदुर गर्न पठाएर सोनवालाई उसको घरमा पठाउने प्रस्ताव राख्छन् र घुरहुको उक्त प्रस्तावलाई मनोहरले स्वीकार गर्छ । यस

घटनाले गाउँलेहरूले घुरहु महतोको जित भएको महसुस गर्छन् । त्यसपछि मनोहर र उसकी श्रीमतीले रतियालाई आफ्नी छोरीजस्तै गरी हेरविचार गरेको देखिन्छ । पञ्चायत बसेको १५ दिनपछि रतियाका ससुरा उसलाई लिन गाउँमा आउँछन् तर आफ्ना सम्धीलाई घुरहु महतोले स्वागत गर्न नपाएको र मनोहर महतोले स्वागत गरी आफ्नो घरमा लगेको गाउँलेहरूले देख्छन् । केही दिनपछि मनोहर महतोले रोटी, पाउर र दाइजोसहित रतियालाई बिदाई गर्न पल्लो गाउँसम्म पुगेको र आफ्नै सम्धीलाई घुरहु महतोले बिदाई गर्न नपाएको पनि गाउँलेरूले देख्छन् । यस घटनामा आइपुग्दा गाउँलेहरूले मनोहर महतोको जित भएको महसुस गर्छन् । यसरी कथाका दुबै प्रमुख पात्रको एकेक पटक जित र हार भई कथा टुङ्गिएको महसुस हुन्छ ।

**'हारजित' कथामा प्रभुत्वको अवस्था**

समाज सधैं गतिशील भइरहन्छ । समाज विकासको सिद्धान्तअनुसार समाजमा दुई किसिमका वर्ग हुन्छन् : शासक वर्ग र शासित वर्ग । शासक वर्गले अधीनस्थ वर्गमाथि आफ्नो प्रभुत्व कायम गरिराखेको हुन्छ तर यो अवस्था सधैंभरि एकनासको रहिरहन्छ भन्ने हुदैन । समयको चक्रअनुसार यसमा फेरबदल हुनसक्छ । 'हारजित' कथामा मनोहर महतो र घुरहु महतोले त्यहाँका शासित वर्गप्रति प्रभुत्व कायम गर्न लागिपरेका छन् । प्रभुत्वले एक समूहले अर्को समूहमाथि गर्ने नियन्त्रण वा शासनलाई बुझाउँछ । ग्राम्चीका अनुसार प्रभुत्व दवावद्वारा, अझ बढी सहमतिद्वारा आर्जन गरिन्छ । विचार, अर्थ र अभ्यासहरूमा प्रभुत्वलाई बुझ्न सकिन्छ (ज्ञवाली, २०७०, पृ. १६०) । प्रस्तुत 'हारजित' कथामा दबाब, विचार र सहमतिद्वारा प्रभुत्व कायम गर्न खोजिएको छ । यस कथामा घुरहु महतो, मनोहर महतो, सोनवा, रतिया, बदरिया, अलगुवा, अलगुवाको गोज्याङ्ग्रो छोरो, उतराहे, तयफवा, मनोहरको छोरो, महतिनीहरू, रतियाको ससुरा र गाउँलेहरू पात्रका रूपमा आएका छन् । कथामा मुख्य पात्रका रूपमा देखा परेका घुरहु र मनोहर दुई विपरीत ध्रुवका शालीन व्यक्तित्व हुन् । घुरहु सम्पत्तिले त्यति धेरै सम्पन्न नभए पनि समाजका सबै सदस्यले उसलाई आदरका दृष्टिले हेर्दथे । गाउँमा कुनै समस्या पर्नासाथ समाधानका लागि गाउँलेहरू घुरहुको घरमा आइपुग्दथे । यिनै कारणले गर्दा घुरहुले मनोहर महतोको घरमा बस्न पुगेकी सोनवालाई छुटाउन आफ्नी छोरी रतियालाई मनोहर महतोको घरमा पठाएका थिए । यस कथामा देखापरेको अर्को मुख्य पात्र मनोहर महतो हो । गाउँका सारा मान्छेलाई परिआएको बेला ऋण स्वरूप अन्न, पैसा दिएर सहयोग गर्ने पात्रका रूपमा मनोहर महतो देखापरेको छ । गाउँको आर्थिक सङ्कटलाई निवारण गर्नु उसको सबैभन्दा ठूलो विशेषता थियो । धनकै बलमा उसले गाउँलेका माझमा प्रतिष्ठा प्राप्त गर्न चाहन्थ्यो र प्रभुत्व जमाउन पनि खोज्थ्यो । भवानी भिक्षुको 'हारजित' कथामा रहेको प्रभुत्वको अवस्थालाई यहाँ विभिन्न उपशीर्षकमा विश्लेषण गरिएको छ ।

**'हारजित' कथामा प्रभुत्व र प्रतिप्रभुत्वको द्वन्द्वात्मक अवस्था**

'हारजित' कथाका मुख्य दुई पात्र घुरहु महतो र मनोहर महतोले पञ्चायत कालीन नेपाली समाजको नेतृत्वदायी वर्गको प्रतिनिधित्व गरेका छन् । यस कथामा घुरहु महतो न्यायाधीशका रूपमा र मनोहर महतो समाजसेवीका रूपमा प्रतिष्ठित छन् । यी दुई पात्रका आफ्नो शक्तिलाई स्थापित गर्ने प्रक्रिया अर्थात् शैली भिन्नभिन्न देखिन्छन् । एउटाले धनसम्पत्ति र हैकमलाई आधार बनाउँछ भने अर्कोले सामाजिक न्यायलाई माध्यम बनाउँछ । मनोहर महतोसँग प्रशस्त खेत र पशुधन छन् । उसले त्यो सम्पत्ति आफैले आर्जन गरेको नभई पैतृकरूपमा प्राप्त गरेको हो । त्यसैले ऊ र उसको परिवारलाई गाउँलेहरूले पहिल्यैदेखि चिन्दै आएका हुन् । गाउँमा अनिकाल पर्यो भने उसले नै समस्याको समाधान गर्नुपर्थ्यो । कसैको घरमा मर्दापर्दा तथा बिहेवारीमा पनि उसकै सहयोग पर्दथ्यो । गाउँका मान्छे मजुरीका लागि उसकै घरमा जानुपर्थ्यो । वास्तवमा समाजमा प्रभाव पार्ने सबैभन्दा पहिलो पक्ष आर्थिक कुरा नै हो । यस दृष्टिले उसको अवस्था सशक्त भएको र दश गाउँसम्म उसलाई सबैले चिन्ने भएकाले गाउँले माथि प्रभाव जमाउनु स्वभाविकै थियो । गाउँको आर्थिक सङ्कटलाई निवारण गर्नु उसको सबैभन्दा ठूलो विशेषता थियो । धनकै बलमा

उसले गाउँलेका माझमा प्रतिष्ठा प्राप्त गर्न चाहन्थ्यो र प्रभुत्व जमाउन पनि खोज्थ्यो । जसलाई तलको सन्दर्भले स्पष्ट पार्छ :

> 'मनोहर गाउँको सबैभन्दा ठूलो रैती ! पैसाको कमी थिएन । अड्डा अदालतमा पनि ऊसँग बाइने र बाझेर जित्ने कसैको आँट थिएन । मुखले केही नबोले पनि गाउँको नेतृत्व उसको हातमा आउँदै नआउने कुराको पिर, क्षोभ उसलाई कम्ति थिएन । हुन पनि हो, कसैको अन्न घट्यो, बिउ छैन, मरेको एउटा गोरु किन्न पैसा छैन भने मनोहरकै दुवार सबैलाई हेर्नुपर्छ, बियाज उनी कसेर जरुर लिन्छन्, तर बेलाबेलामा गाहेसाहे पर्दा सारा गाउँको काम उनैबाट त चल्छ नि । उनीसँग कुनै न कुनै बखत ङिच्च गर्दै माग्न आएको को छैन र ?(पृ.४६) ।'

माथिको साक्ष्यबाट के स्पष्ट हुन्छ भने मनोहर महतो आफ्नो प्रभुत्व कायम गराउन सफल भएका छन् । धन सम्पत्तिको आडमा गरिब किसानहरूलाई कर्जा दिएर, अनिकाल परेको बेलामा बिउबिजन तथा अनाज दिएर तथा अन्य सहयोग गरेर आफ्नो प्रभुत्व स्थापित गरेका छन् । माथि आएको सन्दर्भले त्यहाँका गरिब गाउँलेको अवस्था ज्यादै नाजुकरूपमा र दयनीय अवस्थामा गुज्रिएको स्पष्ट हुन्छ । त्यस्तै अर्को प्रसङ्गमा मनोहर भन्छन् :

> 'कस्तो कुरा गर्छस् बदरिया,—हुक्का अलि पर सार्दै मनोहरले तम्केर भने—यो मजूरको कुरा हो, कटनी, रोपाइँ, निराइँमा साराले जो जहाँ पाए मजदुरहरू तसल्ल गर्छन्, कसैको मजदुर कसैले नछुटाउने, हानथाप नगर्ने संसारका गाउँलेहरूको चलन नै हो । कटनीको बखत, सोनवा मजूरी बसी नाइँ, कसरी भन्छेस्— पठाइदेऊ ( पृ.५०) ।'

माथिको साक्ष्यबाट के स्पष्ट हुन्छ भने मनोहर महतो दबाबका तहबाट आफ्नो प्रभुत्व स्थापना गर्न उद्यत छन् । गाउँमा कोही मजदुर काम गर्ने भनेर कसैको घरमा मजुर बस्न आयो भने उसको काम नसकिएसम्म त्यसलाई कसैले पनि लान सक्दैन । यो कुनै लिखित नियम नभएर प्रभुत्वशाली वर्गले बनाएको नियम नै हो । कुनै बेला प्रभुत्वशाली वर्गले आफ्नो हित हुने भएर यो नियम बनाएको र यस नियमले सधैं त्यही वर्गलाई सहयोग पुग्ने भएकाले यो कुरा नियमका रूपमा स्थापित भएको छ । 'हारजित' कथाका अर्का मुख्य पात्र घुरहु महतोसँग मनोहर महतोको जति सम्पत्ति नभए पनि गाउँमा आत्मा यिनी नै थिए । कथाकार भन्छन् : 'कसैले कसैमाथि सामाजिक अन्याय गर्यो, घुरहु महतो गुहारिन गए; कसैको घरखेत कसैले दबायो, घुरहु अगाडि सरे; कोही असहाय अवस्थामा पर्यो, घुरहु उसको लागि विह्ल भए (पृ. ४३ )' । यसप्रकारको व्यक्तित्व घुरहु महतोको थियो । यो व्यक्तित्व उनले आफैले आर्जन गरेको व्यक्तित्व थियो भन्ने कुरा माथिको साक्ष्यले स्पष्ट पारेको छ ।

कुनै दिन आफ्नो गोज्याङ्ग्रे छोराले गाजा खाई पिटेकाले मनोहरको घरमा शरण लिन पुगेकी सोनवालाई फर्काउन सक्ने हिम्मत अलगुवाको नभएर ऊ घुरहु महतोको शरणमा जान्छ । घुरहुको पनि मनोहरको अगाडि केही सीप नलागेर पञ्चायतमा कुरो लैजाने कुरा गर्छन् । मनोहरको हैकमी शासनका अगाडि गाउँलेहरू भित्रभित्रै घृणित हुन्छन् तर कसैले पनि उसको अगाडि सुरुमा बोल्ने साहस गर्दैनन् तर जब पञ्चायत बस्छ, त्यतिबेला तयफवा भन्छे : 'मनोहर दाइ, कुरा नबढाउनोस्, तपाइँको छोरो र तपाइँको पनि आँखा सोनवामाथि गडिरहेको अरूले नबुझे पनि हामी आइमाई थाह नपाउने होइनौं । ठूलो हुँदैमा अर्काको इज्जत नमान्ने अक्तियार कसैको हुँदैन । सोनवालाई पठाइ नै दिनुपर्छ (पृ. ५१)।' प्रस्तुत साक्ष्यमा आएको यस प्रसङ्गले के स्पष्ट हुन्छ भने शक्तिशाली वर्गले स्थापना गरेको भाष्य सधैभरि मान्य हुँदैन । शासकको दमनकारी संयन्त्र जतिसुकै शक्तिशाली भए पनि त्यसभित्र विद्रोहको सम्भावना उत्तिकै रहेको हुन्छ । ग्राम्सीका अनुसार शोषक वर्ग कठोर हुँदै गयो भने त्यहाँ अर्थात् शाषित वर्गभित्रैबाट स्वतन्त्र हुने लहर उठ्न थाल्छ । यहाँ तयफवाले पनि पञ्चायत बसेको बेलामा सारा गाउँलेका अगाडि मनोहरलाई तपाइँको छोराले तयफवामाथि आँखा गाडेको भन्नु र सँगसँगै ठूलाबडाले अर्काको अर्थात् गरिबवर्गको इज्जतलाई ख्याल गर्दैनन् भन्नु त्यसैको नमुना हो । यही कुरालाई ग्राम्सीले प्रतिप्रभुत्व मानेका छन् । प्रभुत्वशाली शक्तिले सहमति वा दबाबको आधारमा सहमति लिनु गर्ने र

त्यसैभित्रबाट प्रतिप्रभुत्व शक्तिको जन्म हुने भएकाले समाजमा द्वन्द्वको अवस्था निर्माण हुन्छ। प्रस्तुत कथामा तयफवा र मनोहर महतोको बीचमा द्वन्द्वात्मक अवस्था अलि बढी र मनोहर महतो र अलगुवा तथा उतराहेमा आंशिक रूपमा देखिन्छ। त्यसैगरी घुरहु महतो र उसकी श्रीमतीका बीचमा पनि त्यो अवस्थाको परिस्थिति भेट्न सकिन्छ। आफ्नी छोरी रतियालाई केही समय मजुरका लागि दिन खोज्दा घुरहुकी श्रीमतीको उपस्थितिलाई त्यस्तै अवस्थाका रूपमा लिन सकिन्छ।

**'हारजित' कथामा प्रभुत्व हासिल गर्ने शैली**

प्रभुत्व हासिल गर्न प्रभुत्वशाली वर्गले विचारधारात्मक अथवा दमनात्मकमध्ये कुनै एक शैलीको प्रयोग गर्छन् भन्ने ग्राम्सीले गरेको कुरा अगाडि नै आइसकेको छ। 'हारजित' कथामा मनोहर महतोले प्रभुत्व स्थापना गर्न दमनात्मक र मनोहर महतोले विचारधारात्मक शैलीको प्रयोग गरेको देखिन्छ। 'मसँग प्रशस्त सम्पत्ति छ, मेरो विरोध कसैले पनि गर्न सक्दैनन्' भनी मनोहर महतोले घरमा आएकी अलगुवाकी बुहारी सोनवालाई राखेको छ। गाउँमा परेको बेलामा मैले जनताहरूलाई अन्नअनाज तथा बिउबिजनले सहयोग गरेको छु र मेरो बिरूद्धमा कोही पनि आउन सक्दैनन् भन्ने कुरा उसले बुझेको छ। त्यसैले उसले सोनवालाई राख्ने बेलामा उसको ससुरालाई पनि सोध्दैन। बरू गाउँमा पञ्च बसेको बेलामा धम्कीको शैलीमा तयफवालाई यसो भन्छ—'तैले भन्दैमा पठाइने हो र, बडोआइस् इज्जतवाली, आफ्नो कुरा त पहिले हेर् ......,आँखा राता पार्दै मनोहरले भने (पृ. ५०)।' यो मनोहर महतोको विपक्षमा कुरा गरेकी तयफवालाई धम्क्याउने क्रममा मनोहरको मुखबाट आएको कथन हो। मनोहरले सोनवालाई राख्नुको पनि अर्थ छ। मनोहरले सोनवालाई राख्नुको कारण खोतल्दै तयफवा भन्छे —'मनोहर दाइ, कुरा नबढाउनुहोस्, तपाइँको छोरो र तपाइँको पनि आँखा सोनवामाथि गडिरहेको अरूले नबुझे पनि हामी आइमाई थाहा नपाउने होइनौँ। ठूलो हुँदैमा अर्केको इज्जत नमान्ने अख्तियार कसैको हुँदैन। सोनवालाई पठाइ नै दिनुपर्छ" ( पृ.५१)। प्रस्तुत साक्ष्यका आधारमा मनोहर महतोले सोनवालाई राख्नुको तात्पर्य केवल मजुरका लागि मात्र नभएर अरू कारण पनि हो भन्ने स्पष्ट हुन्छ। तयफवाको बोली सकिन नपाउँदै प्रत्युत्तरमा मनोहर भन्छ — 'तैले भन्दैमा पठाइदिने हो र, बडो आइस् इज्जतवाली, आफ्नो कुरा त पहिले हेर......।' मनोहरले यस प्रकारको आक्रामक बोली यस अर्थमा व्यक्त गरेको हो कि त्योभन्दा भिन्न खालको तथा आफूलाई अफ्ठ्यारोमा पार्ने बोली कसैको नआओस्। स्थिति त्योभन्दा अलि भिन्नरूपमा गए पनि मनोहरलाई खासै समस्या पर्दैन। उसले सोनवाको ठाउँमा रतियालाई पाउँछ र उसले पनि घुरहु महतोकी छोरी रतियालाई आफ्नै छोरीजस्तो गरी राखेर पाउरपातसहित विदा गरेर गाउँलेहरूको मन जित्ने काम गर्छ।

'हारजित' कथामा प्रभुत्व स्थापित गर्ने मनोहरको भन्दा ठीक विपरीत शैली घुरहु महतोको छ। उनले दबाबले भन्दा बढी सहमतिले प्रभुत्व स्थापना गर्न सकिन्छ भन्ने मान्यता राख्छन्। त्यसैले हरेक समस्या आउँदा पहिले त्यसका बारेमा सोच विचार गरेर मात्र बोल्छन्। अलगुवाकी बुहारी सोनवा मनोहर महतोको घरमा गएर बसेको कुरा अलगुवाले भन्दा त्यसका बारेमा केही बोल्दैनन्। तयफवा र उतराहेले सोनवालाई उसको घरमा पठाउने कुरा गर्दा पनि केही बोल्दैनन्। गाउँमा मनोहर महतोले पनि मान्ने एकमात्र मान्छे घुरहु महतो भएको र घुरहु महतोले मनोहर महतोको घरमै गएर भन्न सक्ने सामथ्र्य राखे पनि पञ्च बसेको बेलामा मात्र सोनवाको बारेमा कुरा गर्नु प्रभुत्व सहमतिको आधारमा मात्र राख्नुपर्छ भन्ने मान्यता हो। सोनवाको ससुरा र गाउँलेहरूले समेत सोनवाका विषयमा कुरा उठाइसकेपछि मनोहर महतोले आफूले काम नभएको बेलामा बसेर खान दिएको र अब कामको बेलामा नपठाउने कुरा गर्छ। मनोहरको यसप्रकारको कुरा सुनिसकेपछि घुरहु महतो भन्छन्—

> 'मनोहर भाइ, कुरा आज मजुरी सजुरीको होइन, कुरा छोरी बुहारीको हो। जुन सोनवा तपाइँको घरमा बसेकी छे, त्यो मजुरी गर्न गएकी होइन; त्यो पतिसँग झगडा गरी गएकी हो। झगडा—लडाइँ रोजिन्दा सबैकहाँ हुन्छ। छोरी बुहारी रिसाएर एक छिनको लागि घर छोड्ने धम्की देखाउँछन् तर गाउँको चलनै यही हो कि रिसाएर

आएकीलाई गृहस्थहरूले सम्झाई बुझाई उसको घरमा लगी घरवालाहरूलाई हपारी, फटकारी सुम्पन्छन् । यो मानमर्यादाको कुरा हो, दुबै पक्षको बडप्पन र भलापन यसैमा बाँच्छ, फस्टाउँछ । आज पनि यही कुरा आएको छ, गाउँमा अझसम्म चलिआएको कुरालाई लत्याउनुहुन्छ भने तपाईंले भन्नुपर्छकी गाउँकी छोरीबुहारी वेश्या,पतुरिया हुन् । भन्न सक्नुहुन्छ यो कुरा......? (पृ. ५१-५२) ।'

प्रस्तुत कथन मनोहर महतोको विपक्षमा घुरहु महतोले भनेको कथन हो । मनोहर महतोले सोनवालाई आफ्नो घरमा राख्नुमा पनि स्वार्थ छ । सोनवा आफ्नो पतिले पिटेर केही छिनका लागि रिसाएर घर छोडेर मनोहर महतोको घरमा गएकी हो । मनोहरले चाहेको भए उसलाई सम्झाई बुझाई उसको घरमा पठाउन सक्थे । उनले त्यसो नगर्नुको कारण आफ्नो विरूद्धमा कोही बोल्न सक्दैनन् भनेर नै हो । यहाँ घुरहुले सोनवालाई फर्काउनाका लागि सोझै मनोहर महतोलाई आक्रमण गरेका छैनन् । कसैको घरका चेली बुहारी गाउँकै चेली बुहारी हुन्, कुनै घरकी छोरीबुहारी घरमा रिसिएर हिडे भने सबैले मिलेर सम्झाउनु पर्छ भन्दै आदर्शवादी कुरा गरेर मनोहर महतोसँग सोनवालाई फर्काउन दबाब दिन्छन् । मनोहरले मजुरीको कुरा गरिसकेपछि घुरहुले आफ्नी छोरी रतियालाई राखेर भए पनि मनोहरको मुन्टो निहुँरिने बनाउँछन् । घुरहुले भर्खर विवाह भएर आएकी छोरी रतियालाई पठाउँनुको कारण मूलतः गाउँलेहरूका अगागि इज्जत नजाओस् भने नै हो तथा मनोहर महतोले सोनवालाई जसरी रतियालाई हेर्दैनन् र छिट्टै नै छोरी फर्काउँछन् भनेर नै हो । वास्तवमा भन्ने हो भने घुरहुको चाल साँप पनि मरोस् र लठ्ठी पनि नभाँचियोस् भन्ने नै हो । यसरी यी दुई पात्रमध्ये मनोहर महतोको दबाबका आधारमा र घुरहु महतोको सहमतिका आधारमा प्रभुत्व हासिल गर्ने शैली देखिन्छ ।

**'हारजित' कथामा प्रतिप्रभुत्वको अवस्था**

समाजमा प्रभुत्वशाली वर्गले पहिले आफूलाई सामाजिक, आर्थिक तथा राजनैतिक रूपमा सशक्त बनाउँछन् र त्यसपछि मात्र अन्य वर्गमाथि प्रभाव जमाउँछन् । प्रभुत्व हासिल पार्ने सन्दर्भमा प्रभुत्वशाली वर्गले सहमतीय तथा दमनात्मक रणनीति अपनाउँछन् । यसरी प्रभुत्व हासिल गरिसकेपछि प्रभुत्वशाली वर्गको विरोधमा उत्रिने हिम्मत सामान्य वर्गमा हुँदैन । अब उसको विचार तथा व्यवहार अघोषित कानुनका रूपमा स्थापित हुन्छ । यति हुँदाहुँदै पनि त्यो प्रभुत्व स्थायी हुन सक्दैन किनभने कालान्तरमा कुनै यस्तो क्षण आउन सक्छ जतिबेला तिनै आवाज निकाल्न नसक्नेको बीचबाट अर्को शक्तिको निर्माण हुन सक्छ, ग्राम्ची त्यसैलाई प्रतिप्रभुत्व भन्दछन् । 'हारजित' कथामा प्रतिप्रभुत्वको अभ्यासको अवस्था सामान्य किसिमको देखिन्छ । मनोहर महतोकै सेवामा समर्पित हुने उतराहे र बदरियाले घुरहु महतोसँग मनोहर महतोले सोनवालाई राख्नु गलत हो भनेर मनोहर महतोकै आलोचना गर्नु प्रभुत्वशाली शक्तिको विरूद्धमा उठेको चेतनाको झल्को हो । गोटिहवा गाउँमा त्यतिबेलाका किसानहरूले मनोहर महतोले गरेको कुनै पनि कामको विरोध गर्न नसकेको सन्दर्भमा त्यसप्रकारको चेतना आई पञ्चायतमा कुरा समेत निकाल्नु र त्यसको प्रतिक्रियाका रूपमा सोनवा छुट्नु पनि प्रभुत्वशाली वर्गमाथि आएको अर्को सङ्कट हो । त्यसै गरी तयफवाले पञ्चायतको बीचमै भन्छे— 'मनोहर दाइ, कुरा नबढाउनोस्, तपाइँको छोरो र तपाइँको पनि आँखा सोनवामाथि गडिरहेको अरूले नबुझे पनि हामी आइमाई थाहा नपाउने होइनौँ । ठूलो हुँदैमा अर्काको इज्जत नमान्ने अक्तियार कसैको हुँदैन । सोनवालाई पठाइ नै दिनुपर्छ' (पृ.५१) । प्रस्तुत साक्ष्यलाई आधार बनाउने हो भने तयफवाको यसप्रकारको विचार मनोहर महतोका विरूद्धमा उठेको आक्रोश हो । मनोहर महतोले रैतिमाथि गरेको अन्याय मिश्रित व्यवहारको प्रतिक्रिया हो । यहाँ मनोहर महतोले गरेको अन्यायको विरोध नै प्रतिप्रभुत्वको रूपमा आएको छ । पञ्चायत बसेको बेलमा बदरियाले भन्छ — 'मनोहर काका केको झन्झट ! सोनवालाई भगाउनोस्, अलगुवा गरिब पनि तपाइँकै शरणमा छ । उसको त छोरी भनेपनि बुहारी भनेपनि सोनवा नै रहिछ, फसल काट्ने ताउको बखत आयो, अन्न सँगालिएन भने बिचरा भोकै मर्नेछ । हटाउनुहोस् यो टैटन्टा, है मनोहर काका' (पृ. ५०) । प्रस्तुत साक्ष्य पनि बदरियाको कथनमा आधारित छ । यो बदरियाले अलगुवाको हितका लागि भनेको कथन हो । अलगुवाको अन्नपात थन्क्याउने बेला भएको छ । सोनवा घर आइन भने उसको केही सिप लाग्दैन । किसानको त्यो विवशता बदरियाले देखेको छ । मनोहर महतोको

सामन्तवादी प्रवृत्ति बदरियाले बुझेको छ । तसर्थ उसले विचारधारात्मक रूपले उसको विरोध गर्छ । यी घटनाका अतिरिक्त अलगुवाले पञ्चका अगाडि सोनवाको कुरा उठाउनु, महतिनीले अर्थात् घुरहु महतोकी श्रीमतीले घरुहु महतोलाई रतियाको विषयमा थर्काउनु जस्ता घटना पनि गरिब किसानहरूको चेतनाको स्तरमा आएका प्रतिप्रभुत्वको रूपमा लिन सकिन्छ ।

## निष्कर्ष

कथाकार भवानी भिक्षु आधुनिक नेपाली कथाका यौनमनोवैज्ञानिक यथार्थवादी धाराका सशक्त प्रतिभा हुन् । यिनका कथा सामाजिक एवम् राजनीतिक परिस्थितिले सिर्जना गरेको अनमेल जीवनपद्धतिप्रति दृष्टि केन्द्रित भएको देखिन्छ । यस अध्ययनमा 'हारजित' कथालाई प्रभुत्वसम्बन्धी सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । त्यसका लागि प्रभुत्वशाली वर्गको प्रभुत्व, प्रभुत्वशाली वर्गको र निमुखा वर्गको द्वन्द्वात्मक अवस्था तथा प्रतिप्रभुत्वको अवस्थालाई विश्लेषणको प्रमुख आधार बनाइएको छ । यस कथामा वर्गीय दृष्टिले उच्च वर्गलाई प्रभुत्वशाली पात्रका रूपमा प्रस्तुत गरिएको छ । गाँस बास र कपासको अभाव नभएका जीवन धान्न अत्यन्त सरल देखिएका मनोहर महतो र घुरहु महतो उच्च वर्गीय प्रभुत्वशाली पात्र हुन् । त्यसैगरी लैङ्गिक दृष्टिले यहाँ मनोहर महतोकी श्रीमती, धुरहु महतोकी श्रीमती, तयफवा, सोनवा र रतिया जस्ता नारीपात्रको उपस्थिति देखिए पनि मनोहर महतो र घुरहु महतोजस्ता पुरुषपात्रको नै प्रभुत्व देखिन्छ । यी दुई पात्रमध्ये मनोहर महतोको दबाबका आधारमा र घुरहु महतोको सहमतिका आधारमा प्रभुत्व हासिल गर्ने शैली देखिन्छ । यस कथामा जातीय हिसावले अलगुवा, तयफवा र सोनवा कथित तल्लो जातका हुन् । यस कथाको समाजमा वर्गीय दृष्टिले उच्च वर्गको, जातीय हिसाबले उच्च संस्कृतिको समुदायका जातिको, लैङ्गिक दृष्टिले पुरुषको प्रभुत्व रहेको छ भने प्रतिरोध चेतनाका दृष्टिबाट यो कथाको धरातल खासै सशक्त नभए पनि तयफवा र मनोहर महतोको बीचमा अलि बढी र मनोहर महतो र अलगुवा तथा उतराहेमा आंशिक रूपमा देखिन्छ । त्यसैगरी घुरहु महतो र उसकी श्रीमतीका बीचमा पनि त्यो अवस्थाको सङ्केत भेट्न सकिन्छ ।

## सन्दर्भ सामग्रीसूची

अवस्थी, महादेव ( २०६५). नेपाली कथा भाग– २, दोस्रो संस्क., साझा प्रकाशन ।

गिरी, अमर (२०७०). सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा. भृकुटी, भाग १९, पृ. ११–४६ ।

गौतम, कृष्ण (२०७५). मार्क्सवाददेखि - उत्तर मार्क्सवादसम्म, भृकुटी एकेडेमिक पब्लिकेशन्स ।

ज्ञवाली, विष्णुप्रसाद (२०७०). रमेश विकलका उपन्यासको सांस्कृतिक अध्ययन, अप्रकाशित दर्शनाचार्य तह शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पाण्डेय, ताराकान्त (२०७०). संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद. भृकुटी, भाग १९, पृ. १७२– १९३ ।

बराल, ऋषिराज (२०७३). मार्क्सवाद र सबाल्टर्न अध्ययन, साझा प्रकाशन, २०७३ ।

भट्टराई, रमेश (२०७०). सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू. भृकुटी, भाग १९, पृ. ३३४–३६५ ।

भिक्षु, भवानी (२०१५). *मैयाँसाहेब*, साझा प्रकाशन ।